१. वि. सं. २०४२ मा काठमाडौंबाट सहयोगी प्रेस प्राइभेट लिमिटेडद्वारा प्रकाशित, जोन केर लकको बुद्धइस्ट् मनअस्टरिज् अफ् नेपाल् [नेपालका विहार]को ३९४ पृष्ठ ।

२. सोही पुस्तकको ५०६ पृष्ठ, २७ सङ्ख्याको टिप्पणी ।

**प्रमुखन... राजविहालस ् गजुरी छाया** [दानपति श्रीराजविहारमा बस्ने... यिनीहरूद्वारा राजविहारमा गजुर चढाइयो] भनी लेखिएकोले उनी [अर्थात् दानपति] यहीँकै हुन् र यो राजविहार हो भन्ने चाहिँ कति पनि **पक्का छैन** भनी लकले लेखेको सोह्रै आना बेठीक छ भन्ने कुरामा शङ्का छैन ।[३]

राजविहारको चर्चा माथि नेवारराज्य र ब्राह्मण भन्ने मेरो निबन्धमा २५ सङ्ख्याको रूपमा छापिएको, ने. सं. ५७२ आश्विनकृष्णद्वितीयाको पत्रमा आएको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ । पशुपति नवहरमा बस्ने दुइ जना ब्राह्मण दाजुभाइले (**श्रीमतश्रीश्रीपशुपतिभटारकस्थाने ।। श्रीनवहर ् श्रीपुर्व्वाघाटमहापाञ्चालिस्थानायाः नकनिह्नं गृहवास्तव्यं ् द्विजवरोत्म श्रीमहेदपति ् श्रीपद्दुजुस भ्रातृ वसुथम ् तदुभयस ् सहानुमते**) त्यहीँ ठाउँमा राजविहारको महाबुद्धमा बस्ने, चाविहारको पूर्वपट्टिको चोकको घरमा बस्ने एक जना भिक्षु [शाक्य/वज्राचार्य]लाई (**तत्रव स्थाने ् श्रीराजविहारि महाबुद्धाधिवाशिन ् श्रीचाविहारि वता लिविछे गहवास्तव्यं ् भिषु श्रीमनिकराजजुस ् नामना सकासात**) तीन वर्षको लागि आफ्नो हकभोगको तीन **कर्ष** [पौने एक रोपनी] बारीमध्ये आधा **कर्ष** [दुइ आना][४] बारी ६ **गुदाम शिवकामा** बन्धक राखेको कुरा त्यस पत्रमा प्रमाणित गरिएको छ ।

बारी बन्धकी राख्ने दाजुभाइको वतन खुलाउँदा **श्रीमतश्रीश्रीपशुपतिभटारकस्थाने ।। नवहर** भनी लेखिएकोले **नवहर** भन्ने ठाउँ पशुपति इलाकामा पर्ने देखिन्छ । **नवगृह**का पाञ्चालिकहरूलाई स्वशासनसम्बन्धी केही अधिकार सुम्पी[५] मानदेवसंवत् ७१ कार्तिकशुक्लद्वितीयाको दिन नरेन्द्रदेवले गरिदिएको सनद शिलापत्र देउपाटन कसाहीटोलको[६] भएकोले त्यस ठाउँको नाउँ **नवगृह** भएको देखिन्छ ।[७] ने. सं. ५२३ कार्तिककृष्णचतुर्दशीको दिन सारिसिद्धचाइएको एउटा पुस्तकमा सार्ने मान्छेको वतन खुलाउँदा **देवपत्तननगरे, श्रीनवगृहस्थाने** भनी लेखिएकोले **देवपत्तन** [देउपाटन] शहरको कुनै भाग **नवगृह** नाउँले पछिसम्म पनि प्रसिद्ध थियो भन्ने स्पष्ट छ ।[८]

---

३. वि. सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको **कान्तिपुर–शिलालेख–सूची**को ८१ पृष्ठमा त्यो शिलालेखको एक अंश मात्र प्रकाशित छ । पूरा पाठको लागि यही निबन्धको परिशिष्ट हेर्नू ।
यस शिलालेखमा सबभन्दा पहिले **महाराजविहार** र तल दुइ ठाउँमा चाहिँ **राजविहार** मात्र लेखिएको कुरा उल्लेखनीय छ । **महाराजविहार** र **राजविहार** दुवै नाउँ चलेको थियो भन्ने कुरा त्यतातिरका अप्रकाशित अभिलेखबाट थाहा पाइन्छ भनी मेरी शेफर्ड स्लसरले लेखेको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ (वि. सं. २०३९ मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित मेरी शेफर्ड स्लसरको **नेपाल् मण्डल**को १ भागको २७६ पृष्ठ) ।

४. ४ कर्ष = १ रोपनी (वि. सं. २०२१ मा प्रकाशित **पूर्णिमा**को १ अङ्कका ३०–३३ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको **कर्षको अर्थ** भन्ने निबन्ध) ।

५. वि. सं. २०३५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठको **पाञ्चाली (पञ्चायत) शासन-पद्धतिको ऐतिहासिक विवेचना**का ९७–९८ पृष्ठ ।

६. वि. सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको **लिच्छविकालका अभिलेख**का ४७४–४७५ पृष्ठ ।

७. उही पुस्तकको ४७६ पृष्ठ ।

८. वि. सं. २०२२ मा प्रकाशित **पूर्णिमा**को ६ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको **वृजिकरथ्या** भन्ने निबन्ध, सो अङ्कको १३ पृष्ठ ।

ने. सं. ५७२ को माथि चर्चा गरिएको लिखतपत्रमा पहिले श्रीमतश्रीश्रीपशुपतिभटारकस्थाने लेखी त्यसपछि श्रीनवहर लेखिएकोले त्यही नवगृहलाई नवहर शब्दले बुझाइएको हो भन्ने कुरा वासघरको वासहर[९] भए जस्तै गरी अच्को बीचमा रहेको घ्को ह् भई नवघरको नवहर बनेको हो भनी ठोकेर भन्न सकिन्छ। बारी बन्धकी राख्ने दाजुभाइको वतन खुलाउँदै जाँदा त्यही लिखतपत्रमा श्रीनवहरपछि श्रीपुर्व्वाघाटमहापाञ्चालिस्थानायाः भनी लेखिएकोले नवहरको पनि एक भागलाई पूर्वपट्टिको आघाट [सिमाना] भएको महापाञ्चालीस्थान भनी बुझाइएको देखिन्छ । देउपाटन कसाहीटोलको, माथि चर्चा गरिएको शिलापत्र नवगृहका पाञ्चालिकहरूलाई स्वशासन सुम्पी राखिएकोले पछि गएर त्यस ठाउँमा पाञ्चालीको ठूलै अड्डा बसेको त होइन भन्ने कुरा मनमा खेलन थाल्छ । आजभोलिको नवालीटोलको सम्बन्ध यही नवगृह / नवहरसँग यसरी जोड्न सकिन्छ तापनि कालवशात् कुनै टोलको इलाका घट्न बढ्न सक्ने हुनाले नरेन्द्रदेवको माथि चर्चा गरिएको शिलापत्र अहिले जहाँ छ, त्यो ठाउँ अहिले कसाहीटोल कहलिएको देखिँदा नवगृहको इलाका पछि खुम्चिन गएको अडकल हुन्छ।

दुइ जना ब्राह्मण दाजुभाइसँग जग्गा बन्धक लिने भिक्षु [शाक्य / वज्राचार्य]को वतन खुलाउँदा त्यही ठाउँमा राजविहारको महाबुद्धमा चाविहारको पूर्वपट्टिको चोकको घर भनी त्यस लिखतपत्रमा लेखिएको कुरामा केही टिप्पणी गर्नुपर्ने भएको छ।

राजा श्रीधर्म्मदेव... तेन... राजविहार धमरेचैत्यभटारिके प्रतिष्ठित ०[१०] भनी नेपालको सबभन्दा पुरानो वंशावलीमा एक ठाउँमा लेखिएको कुराको यस प्रसङ्गमा सम्झना हुन्छ। राजा धर्मदेवले राजविहार भन्ने विहार

---

९. गर्भागारं वासगृहम् (अमरकोष २।२।८ क)को टीकामा

जातरूप–

... वासगृहं वासहरे ।

(जातरूपको टीका (कैसरपुस्तकालयको लेखोट पुस्तकको ५६० सङ्ख्या [नेपाल–जर्मनहस्तलिखितग्रन्थ-संरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या सी १२१/१] को ४३ क पत्रको ४ पङ्क्ति ।)

सर्वानन्द–

गर्भागारद्वयमीश्वराणां वासहर इति ख्याते। ...

(वि. सं. १९७२ मा अनन्तशयनबाट राजकीयमुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीद्वारा सम्पादित श्रीमदमरसिंहविरचितं नामलिङ्गानुशासनं क्षीरस्वामिप्रणीतया अमरकोशोद्घाटनाख्यया व्याख्यया वन्द्यघटीय-श्रीसर्वानन्दप्रणीतया टीकासर्वस्वाख्यया व्याख्यया च समेतं [क्षीरस्वामीले बनाएको अमरकोशोद्घाटन भन्ने व्याख्याले र वन्द्यघटीय श्रीसर्वानन्दले बनाएको टीकासर्वस्व भन्ने व्याख्याले सहित श्रीमान् अमरसिंहले बनाएको नामलिङ्गानुशासन]को २९ पृष्ठ।)

बृहस्पति–

... गृहमध्यभागस्य वासहरेति ख्यातस्याप्येतदेव नाम इत्येके।

(वि. सं. २०३० मा कलकत्ताबाट संस्कृत कलेजद्वारा प्रकाशित, कालीकुमार दत्तद्वारा सम्पादित, अमरसिंह-विरचिते नामलिङ्गानुशासने रायमुकुटकृता पदचन्द्रिका (मूलसहिता) [अमरसिंहले बनाएको नामलिङ्गानु-शासनमा रायमुकुटले बनाएको पदचन्द्रिका (मूलसहित)] को दोस्रो भागको ३९ पृष्ठ।)

१०. वि. सं. २०४२ मा वीस्बादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द गोपालराजवंशावलीको २९ पृष्ठ, मूल वंशावलीको २१ क पत्रका २–३ पङ्क्ति।

र धमरे भन्ने चैत्यको प्रतिष्ठा गरेको जस्तो ऊवाट्ट हेर्दा यताबाट देखिन्छ तापनि च शब्द नआएकोले व्याकरणमा नजकडिएको यस वाक्यको अर्थ गर्दा राजविहारमा राजा धर्मदेवले धमरेचैत्य बनाए भनी ऐतिहासिकहरूले लेखेको ठीक देखिन्छ।[११] चाबहिलको ठूलो चैत्य धर्मदेवचैत्य[१२] भनी कहलाएकोले राजविहार भनेर प्राचीन वंशावलीमा माथिल्लो चाबहिललाई बुझाइएको देखिन्छ।

माथि चर्चा गरिएको लिखतपत्रमा बन्धक राख्नेहरूको वतन खुलाउँदा सबभन्दा पहिले श्रीमतश्रीश्रीपशुपति-भटारकस्थाने लेखिएकोले र बन्धक लिनेको वतन खुलाउँदा तत्रव स्थाने [त्यही ठाउँमा] भनेर मात्र अरू विवरण दिइएकोले राजविहारलाई पनि त्यो लिखतपत्र लेख्नेले पशुपतिको इलाकाभित्र गाभेकोमा सन्देह छैन। राजविहारको महाबुद्ध भनी त्यस लिखतपत्रमा चाबहिलको चैत्यलाई बुझाइएको देखिन्छ र ठूलो चैत्यलाई महाबुद्ध भन्ने परम्परा भएको कुरा आजसम्म पनि वीर अस्पतालनिरको ठूलो चैत्य महाबौद्ध कहलाएको कुराको पनि यस प्रसङ्गमा सम्झना हुन्छ। राजविहार र महाबुद्ध लेखिसकेपछि मात्र चाविहारको पूर्वपट्टिको चोकको घरमा बस्ने भनेर त्यस लिखतपत्रमा लेखिएकोले चाविहारलाई राजविहारको लगापातमा गाभेकोमा सन्देह छैन।

□

# परिशिष्ट

— महेशराज पन्त

## प्रताप मल्लको पालाको वि. सं. १७१२ को चाबेलको शिलालेख

यस शिलालेखको छापा नेपाल राष्ट्रिय अभिलेखालयमा अभिलेखसङ्ख्या ११० को रूपमा छ। त्यही छापाबाट यो पाठ पढिएको हो।

मूलपाठ

१.[१]
२. – वात्तारण ‾ ‾ ‾ धनच्छवप्रदाता च पातु वो पमेश्वर ।। श्री-
३. मत्महाराजविहारवाशिनो ‸ भिक्षुश्रीजयतप्रमुख(ा)-
४. दिसवाना सुखद लोकान्ते सुखातर्ग्गत ‸ इत्यर्थेन ‾ ‾

---

११. उदाहरणार्थ नेपाल् मण्डलको १ भागको २७६ पृष्ठ।
१२. नेपाल् मण्डलको १ भागको २७६ पृष्ठ र बुड्इस्ट् मन्ग्रस्टरिज् अफ् नेपाल्‌को ३९९ पृष्ठ।
१. पहिलो पङ्क्तिको अक्षरको धेरैजसो भाग छापामा नआएकोले पाठ पढ्न सकिएन।

५. नज्ञा ‒ ‒ ‒ ।। श्रेयोस्तु सम्बत् ७७५ चैत्रकृष्णत्रयो-
६. द्वस्यां तिथौ । धनेष्टनक्षत्रे ‚ शुक्रर्म्मयोगे बृहस्पतिवा-
७. रसरे ‚ मेषलासिगते ‚ सवितरि ‚ मकरासिगते चन्द्रम-
८. सि ।। महाराजाधिराज श्री ‒ कवीन्द्रजयप्रत्तापमल्लदेव-
९. स्य विजयराज्य ‚ दानपति श्रीराजविहारावस्थित शा-
१०. क्यभिक्षु श्रीजयत जर्यांत जिनदेव ‚ रथंजति हाकु रमि
११. देव ‚ गुजय ‚ मजु ‚ जयरत्न क्यशलदेव ‚ शाक्यमुनि ‚ देव-
१२. सिं थ्वते प्रमुखन ‚ पादुसिवा जुयाव राजविहालस ‚ ग-
१३. जुरि छाया ।। शिजल जुको दिसिसिवा खलकन गुनजोति
१४. विजय ‚ देवरथं थुति प्रमुखन दोहोलपा जुरो ।। गुरु-
१५. भराड सिकमुलिया मुराचार्य्य जुगिदेव ‚ कर्माचा-
१६. य जिनामुनि उपाध्या कुशलदेव ‚ थकारि
१७. [२]

□

# धर्मदे/धनदेचैत्यसम्बन्धी केही कुरा

**– महेशराज पन्त**

नेपाल् मण्डलमा चाबेलको चैत्यको विषयमा लेख्दै जाँदा एक ठाउँमा यस्तो लेखिएको छ—

> वन् नीर्‌बाइ इन्स्क्रिप्शन् इज् डेट्इड् एन्. एस्. ७७७ कार्तिक (ए. डी. १६५६); यान्ड् रिकर्ड्ज् रिपेर्ज् टु द "धर्मदेव-चैत्य" बाइ प्रतापमल्ल; अनद्अर् इज् डेट्इड् एन्. एस्. ८३५ पौष-कृष्ण (१७१४), यान्ड् रिकर्ड्ज् महिन्द्रसिंह'ज् रिपेर्ज् टु "धर्मदेव-चैत्य" ...[१]
>
> [नजीकैको एउटा अभिलेख ने. सं. ७७७ कार्तिकको छ र धर्मदेवचैत्यको प्रताप मल्लले जीर्णोद्धार गरेको कुरा त्यहाँ लेखिएको छ, अर्कोचाहिँ ने. सं. ८३५ पौष–कृष्णको छ र महीन्द्रसिंहले धर्मदेवचैत्यको जीर्णोद्धार गरेको त्यहाँ लेखिएको छ । ]

२. सबभन्दा पछिल्लो पङ्क्तिका धेरै अक्षर छापामा आएका छैनन् र आएको जति पनि राम्ररी पढ्न सकिँदैन ।

१. वि. सं. २०३९ मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित मेरी शेफर्ड स्लसरको नेपाल् मण्डल-को १ भागका २७६–२७७ पृष्ठ, ४१ सङ्ख्याको टिप्पणी ।

यस विषयमा केही बोल्नुभन्दा अगाडि नेपाल् मण्डलमा चर्चा गरिएका ती दुइ अभिलेखको पाठ हेर्नुपरेको छ। यी दुवै अभिलेखका केही अंश मात्र प्रकाशित भएकाले[२] यिनको अविकल पाठ सबभन्दा पहिले उतार्नुपरेको छ—

## १. ने. सं. ७७७ को शिलालेख

१. ॐ नमः श्रीधर्म्मधातवे ।। सम्बत् ७७७ कार्त्तिकमासे शुक्लपक्षे च-
२. तुदर्स्यां तिथौ उत्रभद्रनक्षत्रे हषनजोगे यथाकरणमुहुत्रे सो-
३. मवासरे तुल्यराशिगते सवितरि मीनराशिगते चंद्रमसि थ्व दिन कुह्न, श्री ३
४. भलादचैत्यभट्टारकसके वर्षबन्धन संखवार पाययात थ्व संखवार गाड द-
५. यकं प्रतिष्टा जज्ञ संपूर्ण्ण याङा दिन राजाधिराज श्री २ कवीन्द्रजयप्रतापम-
६. ल्लदेवस्य विजयराज्ये क्रियाकर्त्ता याक श्रीकाष्टमंडपनगरया सिक्व-
७. मंगुदि वज्राचार्य्य श्रीममिदेव उपाध्या सिक्वमंगुदि वज्राचार्य्य श्रीजि-
८. नदेव दानपति श्रीगोरोपट्टने श्रीवासुकिक्षत्रे श्री ३ पशुपतिस्थाने म-
९. हर्ज्जन धरमकित भार्य्या जीवन भातृ महर्ज्जन जित्रसिंह प्रथमपुत्र
१०. धर्म्मराज द्वितियपुत्र कर्म्मराज गुथिजन शाक्यभिक्षु श्रीजितपा-
११. न शाक्यभिक्षु श्रीजयरह्न महर्जन चंद्रकित महर्जन रथनतेज
१२. दानपति धरमकितन दुंता छपु रोहोकिल को बु रव २ चुर १×
१३. भुय बपिचाखवात बु रव १ थुति श्री ३ धर्म्मदे चैत्ययाके दुता
१४. थ्व बु बछिया बरसानन संखवार पाययात बप रङ यात
१५. दिस्ति बिययात बु बछिया बरसानन पूजाकर्म्मयात सं-
१६. खवार पाकयात जाकि फं २ थोरेकोन गुथिजनन भोपेयात जुरो ।।
१७. थो संखवार पाय दिन अशुनिशुक्ल चवदश कुह्न, जुरो ।। थुति पु-
१८. ण्यन दानपति महर्जन धरमकितप्रमुखादिसगणपरिवारा-
१९. णां आयुआरोग्यजनधनलक्ष्मीसंतानवृद्धिरस्तु ।। शुभ ।।[३]

---

२. वि. सं. २०२७ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालय-द्वारा प्रकाशित, शङ्करमान राजवंशीको कान्तिपुर–शिलालेख–सूचीका ८३–८४, १५०–१५१ पृष्ठ। ने. सं. ८३५ को शिलालेखको अत्यल्प अंश वि. सं. २०२१ मा प्रकाशित पूर्णिमाको दोस्रो अङ्कमा छापिएको शङ्कर-मान राजवंशीको महीन्द्रसिंह (भास्कर मल्ल)को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या भन्ने निबन्धमा पनि छापिएको छ (५९ पृष्ठ)।

३. नेपाल राष्ट्रिय अभिलेखालयमा अभिलेखसङ्ख्या ११४ मा रहेको छापाबाट माथिको पाठ पढिएको हो।

## २. ने. सं. ८३५ को शिलालेख

१. ॰ शुभ ।। ॐ नमो । श्रीश्रीधर्म्मधातु ˎ धनदेदेव ङाह्मं मजिया-
२. श्रो हिरा ˎ उ सेनकर ववस्तु टाश्रो ह्लोङा ।। शुभ सम्बत ८३५ पौ-
३. खकृष्ण ˎ षष्टि हस्तनक्षत्र ˎ शुकर्म्मजोग ।। शुक्रवार ˎ पतिस्था दि-
४. न ˎ रुया छस्त्र छायाश्रो ˎ श्रोहोरात्री जज्ञ याङा दिन जुरो ˎ श्रीश्री-
५. महिन्द्रसिहदेव मल्ल माहाराज प्रभु थाकुरस विजयराज्य । श्री-
६. देवपत्तन ˎ श्रीजयवागेश्वरिथान ˎ थथु गोर ˎ देश्रोरत्याल ˎ
७. र युताछेया ˎ धन्यमाह्ल ˎ पुन ˎ प्रमुषन ˎ कर्कोत जुयाश्रो ˎ ध-
८. र्म्मधास्तुप्रीतिन ˎ श्रोहोरात्रि जग्य याङा जुरो ।। सिवाखरक
९. भिच्छु ˎ धर्म्मचन्द्रजु ˎ पुण्णसिजु ˎ सुजचन्द्रजु ˎ पद्मसिजु ˎ धर्म्मजो-
१०. तिजु ˎ धनसिजु ˎ जयपारजु ˎ धर्म्मदेवजु ˎ धनमुनिजु ˎ पद्मरा-
११. गजु ˎ सुषुदेवजु ˎ कर्म्मसिजु ˎ सुजधनजु ˎ धन्यमाह्ल ˎ मनि-
१२. – – ˎ मान ˎ ज्ञानदेव ˎ पुन ˎ खर्वसि ˎ मोहोनसि ˎ धर्मसि ।।
१३. थ्वति समुचयन ˎ धर्म्मधास्तुप्रतिन ˎ सिवाखरकन याङा जुरो
१४. शुभ ।।[४]

गोरोपट्टन [देउपाटन]का एक जना महर्जनले आफू, आफ्ना भाइ, जहानवच्चा र अरू गुठियारसमेत भई धर्मदेचैत्यमा गूठी राखेको कुरा पहिलो शिलालेखमा छ । दुइ रोपनी डेढ चुर[जवा]को एउटा खेत र एक रोपनीको अर्को खेत गरी जम्मा तीन रोपनी डेढ जवा खेत गूठी राखी आयस्तामध्येबाट आधाले पूजा चलाउने र आधाले वर्षबन्धनको लागि सो चैत्यमा वर्सेनि चून लाउने, रङ लाउने र दृष्टि [आँखा] लेखनको लागि खर्च गर्ने कुरा त्यहाँ लेखिएको छ । चून लाउने दिन आश्विनशुक्लचतुर्दशी भनी त्यहाँ तोकिएको छ । चून लाउने मान्छेलाई दुइ पाथी चामल ज्याला दिने र अरू उब्रेको जति गुठियारहरूले भोज खाने भन्ने कुरा पनि त्यहाँ छ । सो गूठी राख्नेहरूले त्यहाँ चूनको लागि खाल्डो बनाएको र त्यसको प्रतिष्ठाको लागि वज्राचार्यहरूद्वारा ने. सं. ७७७ [वि. सं. १७१३] कार्तिकशुक्लचतुर्दशीको दिन होम गराएको र त्यस बेला प्रताप मल्लको राज्य चलिरहेको कुरा त्यहाँ लेखिएको छ ।

थथु [माथिल्लो] गोर [देउपाटन]को देओरटोलका एक जना पुन [चित्रकार]ले अरूहरूसँग मिली धनदेदेव चैत्यका पञ्चबुद्धको जीर्णोद्धार गरेको कुरा दोस्रो शिलालेखमा छ । ने. सं. ८३५ [वि. सं. १७७१] पौषकृष्णषष्ठी-को दिन यसको प्रतिष्ठा गरिएको, सुनौला छत्र चढाइएको, अहोरात्र यज्ञ गरिएको र त्यस बेला महीन्द्रसिंहदेव मल्लको राज्य चलिरहेको कुरा पनि त्यहाँ लेखिएको छ ।

यस कारण प्रताप मल्लले धर्मदेवचैत्यको जीर्णोद्धार गरेको कुरा त्यहीँको ने. सं. ७७७ कार्तिकको अभिलेख-बाट र महीन्द्रसिंहले पनि पछि जीर्णोद्धार गरेको कुरा ने. सं. ८३५ पौषकृष्णको अभिलेखबाट बुझिन्छ भनी नेपाल्

४. नेपाल राष्ट्रिय अभिलेखालयमा अभिलेखसङ्ख्या २०९ मा रहेको छापाबाट माथिको पाठ पढिएको हो ।

मण्डलमा लेखिएको गलत ठहर्छ । कुरा कतिसम्म साँचो हो भने धर्मदेवचैत्यमा पूजाआजा चलाउन र चून लाउनको लागि गूठी राख्दा प्रताप मल्ल गद्दीमा थिए र त्यही चैत्यका पञ्चबुद्धको जीर्णोद्धार गर्दा महीन्द्रसिंह [भास्कर मल्ल][५] राजा थिए ।

□

# पृथ्वीनारायण शाहका अहिलेसम्म प्रकाशमा नआएका दुइवटा लालमोहर

– महेशराज पन्त

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २८२५/४

(छापमा)

श्रीदुर्गा

भवानि

१. ।। स्वस्ति श्रीगीरिराजचक्रचुडामनीनरनारायणेत्यादिविविधवीरुदावलीविराज-
२. मानमानोन्नतश्रीमन्माहाराजाधीराजश्रीश्रीश्रीमत्पृथ्विनारायणसाहदेवा-
३. नां सदा समरवीजयिनाम् = = = = = = = = = = = = = = = =
४. आगे भातगाबको तौमाढिटोलको हाकूको नाति सिंहाजुको क्षोरो धनजु
५. भाजुमुनि तिमाल्या भाइ दुइकन अठारह हजारको सरहसित सला-
६. मी लाग्यौ रुपैञा ५१/ एकावन्न यो कहर बस्न्यातके मार्फतले भ-
७. रि लोइउ. सलामीको दाबा मुद्दा नास्ति गरि फार्षति गरिबक्स्यौं काठ्मा-
८. डौपाटनको सरसित घरषेत लहना तागादा जो क्ष सो पनी माफ ग-
९. रि बक्स्यौं अप्ना षातिज्मासित घरषेत बेपारको चलन गर लहना
१०. तागादा उघाहीकन भोज्ञ गर इति सम्बत १८२७ साल अगहनशुदि
११. १५ रोज १ मोकाम कान्तीपुर शुभम् = = = = = = = = = =

---

५. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमाको २ अङ्कमा छापिएको, शङ्करमान राजवंशीको महीन्द्रसिंह (भास्कर मल्ल)को ताम्रपत्र र त्यसको ऐतिहासिक व्याख्या भन्ने निबन्धमा भास्कर मल्ल र महीन्द्रसिंह एउटै मानिस हुन् भन्ने कुरा सप्रमाण सिद्ध गरिएको छ (५८–६० पृष्ठ) ।

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २८२५/६

(छापमा)

श्रीदुर्गा
भवानि

१. ।। स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायेणेत्यादिविविधिविरुदाव-
२. लीविराजमानमान्नोन्नतश्रीमन्माहाराजधिराजश्रीश्रीश्रीमत्पृथ्वि-
३. नारायेणसाहदेवानां सदा समरविजयिनांम् = = = = = =
४. आगे भातगावको तौमाढिटोलको हाकूको नाति भागीरामको क्षोरो भा-
५. जूमोजाकन अठारह हजारका सरहसित सलामि लाग्यौ रुपैया एक-
६. सै एकासी १८१ सो कहर बस्न्यातके मारफतले भरिलिउ सलामिको दावा मु-
७. द्दा नास्ति गरि फार्षती बक्स्यौं सरह पाटनकाठमाडौंक्वो घरषेत
८. लहना तागाद्दा जो पनि क्ष सो माफ गरि फार्षती गरिबक्स्यौं (अ)प(ना)
९. षातिज्मासित घरषेत लहना तागाद्दा – – – – – – – – (लह)-
१०. ना तागाद्दा जो छ सो उघाहि सो भोग्न भर . इति सम्बत १८२७ साल फा-
११. गुनसुदि १३ रोज ४ मों भातगाव = = = = = = = =

□

# वेङ्कटेश केतकर (वि. सं. १९१०–१९८७)को ज्योतिर्गणितको पञ्चाङ्गाध्यायको रामजी तेवारी (वि. सं. १९७३–२०४०)ले गरेको उल्था

रामजी तेवारी पञ्चाङ्ग गन्ने र संशोधन गर्ने काम गर्नुहुन्थ्यो। पञ्चाङ्ग गन्ने प्रसङ्गमा उहाँ ग्रहण पनि गन्नुहुन्थ्यो। ग्रहण र बृहस्पति शुक्रको उदयास्त गन्नको लागि उहाँले ज्योतिर्गणितका केही अध्यायको अभ्यास गर्नुभएको थियो। उहाँले अभ्यास गर्न लेख्नुभएका लेख उहाँकै हस्ताक्षरमा छन्। तीमध्ये पञ्चाङ्गाध्यायलाई यहाँ अहिले अविकल प्रकाश गरिएको छ।

—सम्पादक

# ज्योतिर्गणित पञ्चाङ्गाध्याय

**खखाष्टभूम्यून १८०० शकः समानां गणो भवेत् तेन लभेत चाऽद्यात् ।**
**कोष्ठाद् गतीस्ता ध्रुवकेषु योज्या एवं ध्रुवाः काङ्क्षितवत्सरस्य ।।१।।**

अन्वय— खखाष्टभूम्यूनशकः, समानाम्, गणः, भवेत्, तेन, आद्यात्, कोष्ठात्, गतीः, लभेत, ताः, ध्रुवकेषु, योज्याः, एवम्, काङ्क्षितवत्सरस्य, ध्रुवाः, भवन्ति ।।१।।

पदार्थ— खखाष्टभूम्यूनशकः= १८०० घटेको शाके । समानाम्= वर्षहरूको । गणः= गण (वर्षगण) । भवेत्= हुन्छ । तेन= त्यस वर्षगणले । आद्यात्= पहिलो । कोष्ठात्= कोष्ठबाट । गतीः= गति । लभेत= ल्याओस् । ताः= ती गति । ध्रुवकेषु= ध्रुवमा । योज्याः= जोड्नू । एवम्= यसरी । काङ्क्षितवत्सरस्य= इष्टवर्षका । ध्रुवाः= ध्रुव । भवन्ति= हुन्छन् ।।१।।

**द्वितीयकोष्ठाच् शकवत्सरैश्च कालान्तराख्यानि फलानि लब्ध्वा ।**
**तानि क्षिपेत् काङ्क्षितवर्षजेषु ध्रुवेषु ते तेन भवन्ति शुद्धाः ।।२।।**

अन्वय— द्वितीयकोष्ठात्, शकवत्सरैः, कालान्तराख्यानि, फलानि, लब्ध्वा, तानि, काङ्क्षितवर्षजेषु, ध्रुवेषु, क्षिपेत्, तेन, ते, शुद्धाः, भवन्ति ।।२।।

पदार्थ— द्वितीयकोष्ठात्= दोस्रो कोष्ठबाट । शकवत्सरैः= शाकेले । कालान्तराख्यानि= कालान्तर नाम भएका । फलानि= फल । लब्ध्वा= ल्याएर । तानि= ती फल । काङ्क्षितवर्षजेषु= इष्टवर्षबाट भएका । ध्रुवेषु= ध्रुवमा । क्षिपेत्= जोडोस् । तेन= त्यस कामले । ते= तिनीहरू । शुद्धाः= शुद्ध । भवन्ति= हुन्छन् ।।२।।

**एवं हि लब्धेन तिथिध्रुवेण तृतीयकोष्ठात् प्रगतीः प्रसाध्य ।**
**शुद्धध्रुवेभ्यो विकलय्य ताश्च वर्षाद्यमान्तध्रुवकांल्लभेत ।।३।।**

अन्वय— एवम्, लब्धेन, तिथिध्रुवेण, तृतीयकोष्ठात्, प्रगतीः, प्रसाध्य, ताः, शुद्धध्रुवेभ्यः, विकलय्य, वर्षाद्यमान्तध्रुवकान्, लभेत ।।३।।

पदार्थ— एवम्= यसरी । लब्धेन= पाइएको । तिथिध्रुवेण= तिथिध्रुवले । तृतीयकोष्ठात्= तेस्रो कोष्ठबाट । प्रगतीः= गति । प्रसाध्य= ल्याएर । ताः= ती गति । शुद्धध्रुवेभ्यः= शुद्धध्रुवबाट । विकलय्य= घटाएर । वर्षाद्यमान्तध्रुवकान्= वर्षका आदिका अमान्तका ध्रुव । लभेत= ल्याओस् ।।३।।

**वर्षाद्यमान्तध्रुवकानधोऽधः प्रचाल्य सर्वान् खलु मासगत्या ।**
**यावत् समान्तध्रुवका भवेयुस्ततः परीक्ष्येत विशुद्धिरेषाम् ।।४।।**

अन्वय— सर्वान्, वर्षाद्यमान्तध्रुवकान्, अधः, अधः, मासगत्या, यावत्, ते, समान्तध्रुवकाः, भवेयुः, तावत्, प्रचाल्य, ततः, एषाम्, विशुद्धिः, परीक्ष्येत ।।४।।

पदार्थ— सर्वान् = सबै । वर्षाद्यमान्तध्रुवकान् = वर्षका आदिका अमान्तका ध्रुव । अधः अधः = तल तल । मासगत्या = एक महीनाका गतिले । यावत् = जहाँसम्म । ते = तिनीहरू । समान्तध्रुवकाः = वर्षका अन्तका ध्रुव । भवेयुः = हुन्छन् । तावत् = त्यहाँसम्म । प्रचाल्य = चालेर । ततः = त्यसपछि । एषाम् = यिनीहरूको । विशुद्धिः = शुद्धता । परीक्ष्येत = परीक्षा गरियोस् ॥४॥

**तथैव मासध्रुवकानधोऽधः प्रचालयेदेकतिथिप्रगत्या ।**
**मासान्तिमास्ते प्रभवन्ति यावत् स्फुटध्रुवाणां कथयेऽथ सिद्धिम् ॥५॥**

अन्वय— तथा, एव, मासध्रुवकान्, अधः, अधः, एकतिथिप्रगत्या, तावत्, प्रचालयेत्, यावत्, ते, मासान्तिमाः, प्रभवन्ति, अथ, स्फुटध्रुवाणाम्, सिद्धिम्, कथये ॥५॥

पदार्थ— तथा = त्यस्तै । एव = नै । मासध्रुवकान् = महीनाका ध्रुव । अधः अधः = तल तल । एकतिथि-प्रगत्या = एक तिथिको गतिले । तावत् = त्यहाँसम्म । प्रचालयेत् = चालोस् । यावत् = जहाँसम्म । ते = तिनीहरू । मासान्तिमाः = महीनाका अन्तका । प्रभवन्ति = हुन्छन् । अथ = अनि । स्फुट-ध्रुवाणाम् = स्पष्टध्रुवहरूको । सिद्धिम् = साधना । कथये = भन्दछु ॥५॥

**आद्योपकारेण चतुर्थकोष्ठात् तथा द्वितीयेन तृतीयकेन ।**
**लब्ध्वा क्रमात् पञ्चमषष्ठकाभ्यां फलानि पङ्क्तौ क्रमशो निदध्यात् ॥६॥**
**प्राक्सिद्धमध्यध्रुवलिप्तिकासु क्षिपेत् तिथेः स्वं त्रितयं फलानाम् ।**
**एवं तिथेः स्पष्टतमो ध्रुवः स्याद् नक्षत्रयोगस्फुटता तथैव ॥७॥**

अन्वय— आद्योपकारेण, चतुर्थकोष्ठात्, तथा, द्वितीयेन, तृतीयकेन, क्रमात्, पञ्चमषष्ठकाभ्याम्, फलानि, लब्ध्वा, पङ्क्तौ, क्रमशः, निदध्यात् ॥६॥ प्राक्सिद्धमध्यध्रुवलिप्तिकासु, तिथेः, स्वम्, फलानाम्, त्रितयम्, क्षिपेत्, एवम्, तिथेः, ध्रुवः, स्पष्टतमः, स्यात्, तथा, एव, नक्षत्रयोगस्फुटता, स्यात् ॥७॥

पदार्थ— आद्योपकारेण = पहिलो उपकरणले । चतुर्थकोष्ठात् = चारौँ कोष्ठबाट । तथा = त्यस्तै । द्वितीयेन = दोस्रो उपकरणले । तृतीयकेन = तेस्रो उपकरणले । क्रमात् = क्रमैले । पञ्चमषष्ठका-भ्याम् = पाचौँ र छैटौँ कोष्ठबाट । फलानि = फल । लब्ध्वा = ल्याएर । पङ्क्तौ = पङ्क्तिमा । क्रमशः = क्रमैले । निदध्यात् = राखोस् ॥६॥ प्राक्सिद्धमध्यध्रुवलिप्तिकासु = पहिले सिद्ध भएका मध्यमध्रुवका कलामा । तिथेः = तिथिको । स्वम् = धनात्मक । फलानां त्रितयम् = तीनवटा फल । क्षिपेत् = जोडोस् । एवम् = यसरी । तिथेः = तिथिको । ध्रुवः = ध्रुव । स्पष्टतमः = स्पष्ट । स्यात् = हुन्छ । तथा = त्यस्तै । एव = नै । नक्षत्रयोगस्फुटता = नक्षत्र र योगको स्पष्टता पनि । स्यात् = हुन्छ ॥७॥

**स्फुटध्रुवाग्रस्थकलाः प्रयाता भाज्याः स्युरेभ्यो गणयेच्च भोग्यान् ।**
**इष्टध्रुवात् प्रागपरस्थयोश्चान्तरे क्रमात् तौ गतगम्यहारौ ॥८॥**

अन्वय— स्फुटध्रुवाग्रस्थकलाः, प्रयाताः, भाज्याः, स्युः, एभ्यः, भोग्यान्, (भाज्यान्), गणयेत्, इष्टध्रुवात्, प्रागपरस्थयोः, (स्फुटध्रुवयोः), अन्तरे, क्रमात्, तौ, गतगम्यहारौ, भवतः ॥८॥

पदार्थ— स्फुटध्रुवाग्रस्थकलाः = स्पष्टध्रुवको अगाडि रहेका कला । प्रयाताः = गत । भाज्याः = भाज्य । स्युः = हुन्छन् । एभ्यः = यी गतभाज्यबाट । भोग्यान् = भोग्य । भाज्यान् = भाज्य । गणयेत् = गनोस् । इष्टध्रुवात् = इष्टध्रुवबाट । प्रागपरस्थयोः = अगाडि र पछाडि रहेका । स्फुटध्रुवयोः = स्पष्टध्रुवका । अन्तरे = अन्तर । क्रमात् = क्रमैले । तौ = ती । गतगम्यहारौ = गतहार र भोग्यहार । भवतः = हुन्छन् ॥८॥

**स्फुटध्रुवाणां हरभाज्ययुग्मैः प्रायो गतैः सप्तमकोष्ठकस्थाः ।**
**साध्याः पराख्या हि कदाचिदेष्यद्वन्द्वेन चक्षे तमिह प्रसङ्गम् ॥९॥**

अन्वय— प्रायः, स्फुटध्रुवाणाम्, गतैः, हरभाज्ययुग्मैः, सप्तमकोष्ठकस्थाः, पराख्याः, साध्याः, कदाचित्, एष्यद्वन्द्वेन, पराख्यः, साध्यः, तम्, प्रसङ्गम्, इह, चक्षे ॥९॥

पदार्थ— प्रायः = धेरैजसो । स्फुटध्रुवाणाम् = स्पष्टध्रुवहरूका । गतैः = गत । हरभाज्ययुग्मैः = हार र भाज्यका जोडीले । सप्तमकोष्ठकस्थाः = सातौँ कोठमा रहेका । पराख्याः = पर । साध्याः = साधना गर्नुपर्छ । कदाचित् = कहिलेकहीँ । एष्यद्वन्द्वेन = भोग्यहार र भाज्यले । पराख्यः = पर । साध्यः = साधना गर्नुपर्छ । तम् = त्यो । प्रसङ्गम् = प्रसङ्ग । इह = यहाँ । चक्षे = भन्दछु ॥९॥

**पूर्णध्रुवाणां क्रमशः स्थितानां यदा भवेदेकतमस्य लोपः ।**
**तदा तु पूर्वध्रुवकस्य भोग्यद्वयेन साध्यः स परो धनं स्यात् ॥१०॥**

अन्वय— यदा, क्रमशः, स्थितानाम्, पूर्णध्रुवाणाम्, एकतमस्य, लोपः, भवेत्, तदा, पूर्वध्रुवकस्य, भोग्यद्वयेन, परः, साध्यः, सः, धनम्, स्यात् ॥१०॥

पदार्थ— यदा = जुन बखतमा । क्रमशः = क्रमैले । स्थितानाम् = रहेका । पूर्णध्रुवाणाम् = पूर्णध्रुवमध्ये । एकतमस्य = एउटाको । लोपः = लोप । भवेत् = हुन्छ । तदा = त्यस बखतमा । पूर्वध्रुवकस्य = पहिलो ध्रुवको । भोग्यद्वयेन = भोग्य, भाज्य र हारले । परः = पर । साध्यः = साधना गर्नुपर्छ । सः = त्यो पर । धनम् = धन । स्यात् = हुन्छ ॥१०॥

**द्विः स्पष्टमानं ध्रुवकस्य सिध्येत् तदाऽऽद्यमानस्य गतद्वयेन ।**
**साध्यः पराख्यः स ऋणं तु नित्यमथ त्रयाणामवसानकालाः ॥११॥**

अन्वय— ध्रुवकस्य, द्विः, स्पष्टमानम्, सिध्येत्, चेत्, तदा, आद्यमानस्य, गतद्वयेन, पराख्यः, साध्यः, सः, नित्यम्, ऋणम्, स्यात्, अथ, त्रयाणाम्, अवसानकालाः, साध्यन्ते ॥११॥

पदार्थ— ध्रुवकस्य = ध्रुवको । द्विः = दुइपल्ट । स्पष्टमानम् = स्पष्टमान । सिध्येत् = सिद्ध हुन्छ । चेत् = भने । तदा = त्यस बखत । आद्यमानस्य = पहिलो मानको । गतद्वयेन = गतहार र गतभाज्यले । पराख्यः = पर । साध्यः = साधना गर्नुपर्छ । सः = त्यो पर । नित्यम् = सधैँ । ऋणम् = ऋण । स्यात् = हुन्छ । अथ = अनि । त्रयाणाम् = तिथि, नक्षत्र र योगका । अवसानकालाः = समाप्तिकाल । साध्यन्ते = साधना गरिन्छन् ॥११॥

**पराख्यैः स्ववारे पृथक् संस्कृते स्युः पराशप्रपूर्णध्रुवाणां च कालाः ।**
**तिथिद्वन्द्वकालैक्यखण्डं किल स्यात् परस्यास्तिथेराद्यखण्डस्य कालः ॥१२॥**

अन्वय— पराख्यैः, स्ववारे, पृथक्, संस्कृते, पराशप्रपूर्णध्रुवाणाम्, कालाः, स्युः, तिथिद्वन्द्वकालैक्यखण्डम्, परस्याः, तिथेः, आद्यखण्डस्य, कालः, स्यात् ॥१२॥

पदार्थ— पराख्यैः = परले । स्ववारे = आफ्नो वारादि । पृथक् = बेग्लाबेग्लै । संस्कृते = संस्कार गरिए छँदामा । पराशप्रपूर्णध्रुवाणाम् = परको चिह्नअनुसार पूर्ण भएका ध्रुवका । कालाः = काल । स्युः = हुन्छन् । तिथिद्वन्द्वकालैक्यखण्डम् = दुइटा तिथिका कालको जम्माको आधा । परस्याः = पछिल्लो । तिथेः = तिथिको । आद्यखण्डस्य = पहिलो करणको । कालः = काल । स्यात् = हुन्छ ॥१२॥

**अभीष्टा शरत् खाभ्रधृत्युन्मिताब्दात् १८०० परा चेद् धनं पूर्विका चेद् ऋणं स्यात् ।**
**गतिर्वर्षसङ्घप्रजातेति मत्वा प्रसाध्या अभीष्टाब्दशुद्धध्रुवाश्च ॥१३॥**
**प्रयाताश्च चैत्रादयश्चान्द्रमासाः खरामा३०हताः शेषतिथ्योघयुक्ताः ।**
**तिथेरिष्टवर्षध्रुवेणोनिताः स्यात् तिथीनां गणस्तेन कोष्ठात् तृतीयात् ॥१४॥**
**गृहीतप्रगत्या युताः पूर्वशुद्धध्रुवास्ते भवन्तीष्टतिथ्यन्तकाले ।**
**यथोक्तं त्रयाणां च संस्कारलिप्ताः समानीय ताभिर्युतास्ते स्फुटाः स्युः ॥१५॥**
**तथा चाष्टमादोषधीशद्युभुक्तिस्तदग्रस्थितात् सूर्यभुक्तिः प्रसाध्या ।**
**तयोर्योगविश्लेषकौ योगतिथ्योर्हरौ चन्द्रभुक्तिस्तु नक्षत्रहारः ॥१६॥**
**समीपेष्टपूर्णाच्च्युता बीजरीत्या ध्रुवाः षष्टि६०निघ्नाः स्वहारेण भक्ताः ।**
**फलैर्वासरः संस्कृतश्चेद् घटीषु पृथक् पूर्तिकालाः स्युरिष्टध्रुवाणाम् ॥१७॥**

अन्वय— अभीष्टा, शरत्, खाभ्रधृत्युन्मिताब्दात्, परा, चेत्, वर्षसङ्घप्रजाता, गतिः, धनम्, स्यात्, अभीष्टा, शरत्, खाभ्रधृत्युन्मिताब्दात्, पूर्विका, चेत्, वर्षसङ्घप्रजाता, गतिः, ऋणम्, स्यात्, इति, मत्वा, अभीष्टाब्दशुद्धध्रुवाः, प्रसाध्याः ॥१३॥ प्रयाताः, चैत्रादयः, चान्द्रमासाः, खरामाहताः, शेषतिथ्योघयुक्ताः, कार्याः, तिथेः, इष्टवर्षध्रुवेण, ऊनिताः, कार्याः, तिथीनाम्, गणः, स्यात्, तेन, तृतीयात्, कोष्ठात् ॥१४॥ गृहीतप्रगत्या, पूर्वशुद्धध्रुवाः, युताः, कार्याः, ते, इष्टतिथ्यन्तकाले, भवन्ति, यथोक्तम्, त्रयाणाम्, संस्कारलिप्ताः, समानीय, ताभिः, ते, युताः, कार्याः, स्फुटाः, स्युः ॥१५॥ तथा, अष्टमात्, ओषधीशद्युभुक्तिः, प्रसाध्या, तदग्रस्थितात्, सूर्यभुक्तिः, प्रसाध्याः, तयोः, योगविश्लेषकौ, योगतिथ्योः, हरौ, भवतः, चन्द्रभुक्तिः, नक्षत्रहारः, भवति ॥१६॥ बीजरीत्या, समीपेष्टपूर्णात्, च्युताः, ध्रुवाः, षष्टिनिघ्नाः, कार्याः, स्वहारेण, भक्ताः, कार्याः, फलैः, वासरः, घटीषु, पृथक्, संस्कृतः, चेत्, इष्टध्रुवाणाम्, पूर्तिकालाः, स्युः ॥१७॥

पदार्थ— अभीष्टा= इष्ट । शरत्= वर्ष । खाभ्रधृत्युन्मिताब्दात्= १८०० शाकेभन्दा । परा= पछाडि । चेत्= छ भने । वर्षसङ्घप्रजाता= वर्षगणबाट आएको । गतिः = गति । धनम् = धन । स्यात् = हुन्छ । अभीष्टा= इष्ट । शरत् = वर्ष । खाभ्रधृत्युन्मिताब्दात् = १८०० शाकेभन्दा । पूर्विका = अगाडि । चेत् = छ भने । वर्षसङ्घप्रजाता = वर्षगणबाट आएको । गतिः = गति । ऋणम् = ऋण । स्यात् = हुन्छ । इति = यस्तो । मत्वा= ठानेर । अभीष्टाब्दशुद्धध्रुवाः= इष्टवर्षका शुद्ध ध्रुव । प्रसाध्याः= साधना गर्नू ॥१३॥ प्रयाताः= बितेका । चैत्रादयः= चैत्रादि गरिएका । चान्द्रमासाः= चान्द्र महीना । खरामाहताः= ३० ले गुनिएका । कार्याः= गर्नू । शेषतिथ्योघयुक्ताः= बाँकी रहेको तिथि जोडिएका । कार्याः= गर्नू । तिथेः= तिथिको । इष्टवर्षध्रुवेण= इष्टवर्षको ध्रुवले । ऊनिताः= घटेका । कार्याः= गर्नू । तिथीनाम्= तिथिको । गणः= गण (तिथिगण) । स्यात्= हुन्छ । तेन= तिथिगणले । तृतीयात्= तेस्रो । कोष्ठात्= कोष्ठबाट ॥१४॥ गृहीतप्रगत्या= लिइएको गतिले । पूर्वशुद्धध्रुवाः= पहिलेका शुद्धध्रुव । युताः= जोडिएका । कार्याः= गर्नू । ते= ती । इष्टतिथ्यन्तकाले= इष्टतिथ्यन्तकालमा । भवन्ति= हुन्छन् । यथोक्तम्= बताए जस्तै गरी । त्रयाणाम्= तीनवटाका । संस्कारलिप्ताः= संस्कारकला । समानीय= ल्याएर । ताभिः= तिनले । ते= ती । युताः= जोडिएका । कार्याः= गर्नू । स्फुटाः= स्पष्ट । स्युः= हुन्छन् ॥१५॥ तथा= त्यस्तै । अष्टमात्= आठौँ कोष्ठबाट । औषधीशद्युभुक्तिः= चन्द्रमाको दैनिक गति । प्रसाध्या= साधना गर्नू । तदग्रस्थितात्= नवौँ कोष्ठबाट । सूर्यभुक्तिः= सूर्यको दैनिक गति । प्रसाध्या= साधना गर्नू । तयोः= तिनको (चन्द्र र सूर्यका दैनिक गतिको) । योगविश्लेषकौ= योग र अन्तर । योगतिथ्योः= योग र तिथिको । हरौ= हर । भवतः= हुन्छन् ॥१६॥ चन्द्रभुक्तिः= चन्द्रमाको दैनिक गति । नक्षत्रहारः= नक्षत्रको हार । भवति= हुन्छ । बीजरीत्या= बीजगणितकोरीतिले । समीपेष्टपूर्णात्= नगीचका पूर्णबाट । च्युताः= घटेका । ध्रुवाः= ध्रुव । षष्टिनिघ्नाः= ६० ले गुनिएका । कार्याः= गर्नू । स्वहारेण= आफ्नो हारले । भक्ताः= भाग लिइएका । कार्याः= गर्नू । फलैः= फलले । वासरः= वार । घटीषु= घट्यादिमा । पृथक्= बेग्लाबेग्लै । संस्कृतः= संस्कार गरिए । चेत् = भने । इष्टध्रुवाणाम्= इष्टध्रुवका । पूर्तिकालाः= समाप्तिकाल । स्युः= हुन्छन् ॥१७॥

**अब्दपशुद्धी दशमादानीयाभीष्टवर्षजे च तयोः ।**
**एकादशपदकस्थान् सङ्क्रमसूर्यर्क्षभेदकान् युक्त्वा ॥१८॥**
**वर्षचयघ्नविकारान् वारे प्रक्षिप्य लब्धकाले स्युः ।**
**लब्धतिथीनां निकटे तत्तत्सूर्यर्क्षसङ्क्रमारम्भाः ॥१९॥**

अन्वय— दशमात्, अभीष्टवर्षजे, अब्दपशुद्धी, आनीय, तयोः, एकादशपदकस्थान्, सङ्क्रमसूर्यर्क्षभेदकान्, युक्त्वा ॥१८॥ वर्षचयघ्नविकारान्, वारे, प्रक्षिप्य, लब्धकाले, लब्धतिथीनाम्, निकटे, तत्तत्सूर्यर्क्ष-सङ्क्रमारम्भाः, स्युः ॥१९॥

पदार्थ— दशमात्= दशौँ कोष्ठबाट । अभीष्टवर्षजे= इष्ट वर्षका । अब्दपशुद्धी= अब्दप र शुद्धि । आनीय= ल्याएर । तयोः= अब्दप र शुद्धिमा । एकादशपदकस्थान्= एघारौँ कोष्ठमा रहेका ।

सङ्क्रमसूर्यर्क्षभेदकान् = सङ्क्रान्तिका र सूर्यका नक्षत्रका क्षेपक । युक्त्वा = जोडेर ॥१८॥ वर्षचयघ्नविकारान् = वर्षगणले गुनिएका विकार । वारे = वारमा । प्रक्षिप्य = जोडेर । लब्धकाले = आएको कालमा । लब्धतिथीनाम् = आएका तिथिको । निकटे = नगीचमा । तत्तत्सूर्यर्क्षसङ्क्रमारम्भाः = ती ती सूर्यका नक्षत्र र सङ्क्रान्तिका आरम्भकाल । स्युः = हुन्छन् ॥१९॥

**द्वादशकोष्ठध्रुवगतिसंयुक्तौ वर्षपस्तथा शुद्धिः ।**
**अयनांशयुक्तभानोरुदगयनारम्भकालिकौ स्याताम् ॥२०॥**
**उदगयनकालतिथ्योर्द्वादशकोष्ठोत्तरार्धगतभेदाः ।**
**वर्षगणघ्नविकारा युक्ताश्चेदयनविषुवकालाः स्युः ॥२१॥**

अन्वय— वर्षपः, तथा, शुद्धिः, द्वादशकोष्ठध्रुवगतिसंयुक्तौ, कार्यौ, अयनांशयुक्तभानोः, उदगयनारम्भकालिकौ, वारादिः, तिथिः, स्याताम् ॥२०॥ उदगयनकालतिथ्योः, द्वादशकोष्ठोत्तरार्धगतभेदाः, वर्षगणघ्नविकाराः, च, युक्ताः, चेत्, अयनविषुवकालाः, स्युः ॥२१॥

पदार्थ— वर्षपः = अब्दप । तथा = त्यस्तै । शुद्धिः = शुद्धि । द्वादशकोष्ठध्रुवगतिसंयुक्तौ = बाह्रौं कोष्ठमा रहेका ध्रुव र गति जोडिएका । कार्यौ = गर्नू । अयनांशयुक्तभानोः = सायनसूर्यका । उदगयनारम्भकालिकौ = उत्तरायणको आरम्भकालका । वारादिः = वारादि र । तिथिः = तिथि । स्याताम् = हुन्छन् ॥२०॥ उदगयनकालतिथ्योः = उत्तरायणको आरम्भकालका वारादि र तिथिमा । द्वादशकोष्ठोत्तरार्धगतभेदाः = बाह्रौं कोष्ठको उत्तरार्धमा रहेका क्षेपक र । वर्षगणघ्नविकाराः = वर्षगणले गुनिएका विकार । युक्ताः = जोडिए । चेत् = भने । अयनविषुवकालाः = अयनसङ्क्रान्ति । स्युः = हुन्छन् ॥२१॥

**सप्तेषुपञ्च५५७कलिकान्वितमध्यमभध्रुवो भवेच्चन्द्रः ।**
**स तृतीयकरणहीनो राहुः स्यात् तिथिविवर्जितः सूर्यः ॥२२॥**
**प्रथमोपकरणहीनः सूर्यः स्वोच्चं द्वितीयकरणेन ।**
**हीनश्चेद् विधुतुङ्गं मध्यान्येतानि मध्यतिथ्यन्ते ॥२३॥**

अन्वय — सप्तेषुपञ्चकलिकान्वितमध्यमभध्रुवः, चन्द्रः, भवेत्, तृतीयकरणहीनः, सः, राहुः, स्यात्, तिथिविवर्जितः, सः, सूर्यः, स्यात् ॥२२॥ प्रथमोपकरणहीनः, सूर्यः, स्वोच्चम्, स्यात्, सः, द्वितीयकरणेन, हीनः, चेत्, विधुतुङ्गम्, स्यात्, एतानि, मध्यतिथ्यन्ते, मध्यानि, स्युः ॥२३॥

पदार्थ— सप्तेषुपञ्चकलिकान्वितमध्यमभध्रुवः = ५५७ कला जोडिएको मध्यमनक्षत्रको ध्रुव । चन्द्रः = चन्द्र । भवेत् = हुन्छ । तृतीयकरणहीनः = तेस्रो उपकरण घटेका । सः = ती चन्द्र । राहुः = राहुः । स्यात् = हुन्छन् । तिथिविवर्जितः = तिथि घटेका । सः = ती चन्द्र । सूर्यः = सूर्य । स्यात् = हुन्छन् ॥२२॥ प्रथमोपकरणहीनः = पहिलो उपकरण घटेका । सूर्यः = सूर्य । स्वोच्चम् = सूर्यको मन्दोच्च । स्यात् = हुन्छन् । सः = ती सूर्य । द्वितीयकरणेन = दोस्रो उपकरणले । हीनः = घटे । चेत् = भने । विधुतुङ्गम् = चन्द्रमाको मन्दोच्च । स्यात् = हुन्छन् । एतानि = यिनीहरू । मध्यतिथ्यन्ते = मध्यतिथ्यन्तकालमा । मध्यानि = मध्यम । स्युः = हुन्छन् ॥२३॥

**राहोर्गुणा ३ विधूच्चस्य नगा ७ रवितुङ्गकस्य खं ० भानोः ।**
**एकोनषष्टि५९कलिकाः ववङ्कनगा ७९१ दिनगतिस्तु चन्द्रमसः ॥२४॥**

अन्वय— राहोः, दिनगतिः, गुणाः, कलाः, स्यात्, विधूच्चस्य, दिनगतिः, नगाः, कलाः, स्यात्, रवितुङ्गकस्य, दिनगतिः, खम्, कला, स्यात्, भानोः, दिनगतिः, एकोनषष्टिकलिकाः, स्यात् । चन्द्रमसः, दिनगतिः, ववङ्कनगाः, कलाः, स्यात् ॥२४॥

पदार्थ— राहोः = राहुको । दिनगतिः = दैनिकगति । गुणाः = ३ । कलाः = कला । स्यात् = हुन्छ । विधूच्चस्य = चन्द्रोच्चको । दिनगतिः = दैनिकगति । नगाः = ७ । कलाः = कला । स्यात् = हुन्छ । रवितुङ्गकस्य = सूर्यको मन्दोच्चको । दिनगतिः = दैनिकगति । खम् = ० । कला = कला । स्यात् = हुन्छ । भानोः = सूर्यको । दिनगतिः = दैनिकगति । एकोनषष्टिकलिकाः = ५९ कला । स्यात् = हुन्छ । चन्द्रमसः = चन्द्रमाको । दिनगतिः = दैनिकगति । ववङ्कनगाः = ७९१ । कलाः = कला । स्यात् = हुन्छ ॥२४॥

**स्पष्टा भमितिश्चन्द्रः स्फुटतिथिहीनः स्फुटो भवत्यर्कः ।**
**अष्टमनवमपदाभ्यां सिध्यति चन्द्रार्कयोः क्रमाद् द्युगतिः ॥२५॥**
**राहूनस्फुटशशिना चतुर्दशाद् विधुशरं समानीय ।**
**पञ्चदशस्थफलेन च यदि युक्तः कर्षणस्फुटः स स्यात् ॥२६॥**
**नवमपदादिनबिम्बं विधुगत्या षोडशाच्च विधुबिम्बम् ।**
**भूभाक्षितिजविलम्बनलिप्ताः साध्या विधुग्रहावसरे ॥२७॥**

अन्वय— स्पष्टा, भमितिः, स्फुटः, चन्द्रः, भवति, स्फुटतिथिहीनः, सः स्फुटः, अर्कः, भवति, अष्टमनवमपदाभ्याम्, क्रमात्, चन्द्रार्कयोः, द्युगतिः, सिध्यति ॥२५॥ राहूनस्फुटशशिना, चतुर्दशात्, विधुशरम्, समानीय, पञ्चदशस्थफलेन, युक्तः, यदि, सः, कर्षणस्फुटः, स्यात् ॥२६॥ नवमपदात्, इनबिम्बम्, साध्यम्, विधुगत्या, षोडशात्, विधुबिम्बम्, साध्यम्, विधुगत्या, षोडशात्, भूभाक्षितिजविलम्बनलिप्ताः, विधुग्रहावसरे, साध्याः ॥२७॥

पदार्थ— स्पष्टा = स्पष्ट । भमितिः = नक्षत्रको ध्रुव । स्फुटः = स्पष्ट । चन्द्रः = चन्द्र । भवति = हुन्छ । स्फुटतिथिहीनः = स्पष्टतिथि घटेका । सः = ती स्पष्टचन्द्र । स्फुटः = स्पष्ट । अर्कः = सूर्य । भवति = हुन्छन् । अष्टमनवमपदाभ्याम् = आठौँ र नवौँ कोष्ठबाट । क्रमात् = क्रमैले । चन्द्रार्कयोः = चन्द्र र सूर्यका । द्युगतिः = दैनिकगति । सिध्यति = सिद्ध हुन्छन् ॥२५॥ राहूनस्फुटशशिना = राहु घटेका स्पष्टचन्द्रले । चतुर्दशात् = चौधौँ कोष्ठबाट । विधुशरम् = चन्द्रमाको शर । समानीय = ल्याएर । पञ्चदशस्थफलेन = पन्ध्रौँ कोष्ठमा रहेको फलले । युक्तः = जोडियो । यदि = भने । सः = त्यो शर । कर्षणस्फुटः = आकर्षण संस्कार गरिएको । स्यात् = हुन्छ ॥२६॥ नवमपदात् = नवौँ कोष्ठबाट । इनबिम्बम् = सूर्यबिम्ब । साध्यम् = ल्याउनू । विधुगत्या = चन्द्रमाको दैनिकगतिले । षोडशात् = सोह्रौँ कोष्ठबाट । विधुबिम्बम् = चन्द्रमाको बिम्ब । साध्यम् = ल्याउनू । विधुगत्या = चन्द्रमाको दैनिकगतिले । षोडशात् = सोह्रौँ कोष्ठबाट ।

भूभाक्षितिजविलम्बनलिप्ता: = भूभाबिम्ब र परमलम्बनकला । विधुग्रहावसरे= चन्द्रग्रहणमा । साध्या: = ल्याउनू ॥२७॥

**दशमपदादयनांशास्तद्युतसूर्येण सप्तदशकोष्ठात् ।**
**अर्कक्रान्तिश्चाष्टादशकोष्ठादुद्गमान्तरं द्युमणेः ॥२८॥**
**एकोनविंशकोष्ठात् क्रान्त्यक्षलवैश्चरं च विंशपदात् ।**
**रेखान्तरमक्षांशाः पलभाः साध्याः प्रसिद्धनगराणाम् ॥२९॥**

अन्वय— दशमपदात्, अयनांशा:, साध्या:, तद्युतसूर्येण, सप्तदशकोष्ठात्, अर्कक्रान्तिः, साध्या, तद्युतसूर्येण, अष्टादशकोष्ठात्, द्युमणेः, उद्गमान्तरम्, साध्यम् ॥२८॥ एकोनविंशकोष्ठात्, क्रान्त्यक्षलवैः, चरम्, साध्यम्, विंशपदात्, प्रसिद्धनगराणाम्, रेखान्तरम्, अक्षांशा:, पलभा:, साध्याः ॥२९॥

पदार्थ— दशमपदात्= दशौं कोष्ठबाट । अयनांशा:= अयनांश । साध्या:= साधना गर्नू । तद्युतसूर्येण= अयनांश जोडिएका सूर्यले । सप्तदशकोष्ठात्= सत्रौं कोष्ठबाट । अर्कक्रान्तिः= सूर्यको क्रान्ति । साध्या= साधना गर्नू । तद्युतसूर्येण= अयनांश जोडिएका सूर्यले । अष्टादशकोष्ठात्= अठार्हौं कोष्ठबाट । द्युमणेः= सूर्यको । उद्गमान्तरम्= वेलान्तर । साध्यम्= साधना गर्नू ॥२८॥ एकोनविंशकोष्ठात्= उन्नाइसौं कोष्ठबाट । क्रान्त्यक्षलवैः= क्रान्ति र अक्षांशले । चरम्= चर । साध्यम्= साधना गर्नू । विंशपदात्= बीसौं कोष्ठबाट । प्रसिद्धनगराणाम्= प्रसिद्ध शहरका । रेखान्तरम्= रेखान्तर । अक्षांशा:= अक्षांश । पलभा:= पलभा । साध्या:= साधना गर्नू ॥२९॥

**आवन्तो रेखान्तर–चर–पञ्च५पलैर्युतस्तथा रहितः ।**
**उदयान्तरेण शेषं तद्ग्रामेऽर्कोदयाद् गतः कालः ॥३०॥**

अन्वय— आवन्त:, काल:, रेखान्तर-चर-पञ्चपलैः, युत:, कार्य:, तथा, उदयान्तरेण, रहित:, कार्य:, शेषम्, तद्ग्रामे, अर्कोदयात्, गत:, काल:, स्यात् ॥३०॥

पदार्थ— आवन्त:= उज्जयिनीको । काल:= काल । रेखान्तर-चर-पञ्चपलैः= रेखान्तर, चर, ५ पलाले । युत:= जोडिएको । कार्य:= गर्नू । तथा= त्यस्तै । उदयान्तरेण= वेलान्तरले । रहित:= घटेको । कार्य:= गर्नू । शेषम्= शेष । तद्ग्रामे= त्यस गाउँमा । अर्कोदयात्= सूर्योदयदेखि । गत:= बितेको । काल:= काल । स्यात्= हुन्छ ॥३०॥

**दश१०पलयुक्तत्रिंश३०न्नाड्यो द्विगुणितचरेण युक्ताः स्यात् ।**
**दिनमानं तद्धीनाः षष्टि६०र्घट्यो भवेत् निशामानम् ॥३१॥**

अन्वय— दशपलयुक्तत्रिंशन्नाड्य:, द्विगुणितचरेण, युक्ता:, कार्या:, दिनमानम्, स्यात्, तद्धीना:, षष्टि:, घट्य:, निशामानम्, भवेत् ॥३१॥

पदार्थ— दशपलयुक्तत्रिंशन्नाड्य:= दश पला जोडिएका ३० घडी । द्विगुणितचरेण= २ ले गुनिएको चरले । युक्ता:= जोडिएका । कार्या:= गर्नू । दिनमानम्= दिनमान । स्यात्= हुन्छ । तद्धीना:= दिनमान घटेका । षष्टि:= ६० । घट्य:= घडी । निशामानम्= रात्रिमान । भवेत्= हुन्छ ॥३१॥

**याम्योत्तरमधितिष्ठति सूर्ये मध्याभिधस्य कालस्य ।**
**उदयान्तरयुतशरभू१५प्रमिता नाडयो गता इति ज्ञेयम् ।।३२।।**

अन्वय— सूर्ये, याम्योत्तरम्, अधितिष्ठति, मध्याभिधस्य, कालस्य, उदयान्तरयुतशरभूप्रमिताः, नाडयः, गताः, इति, ज्ञेयम् ।।३२।।

पदार्थ— सूर्ये = सूर्य । याम्योत्तरम् = याम्योत्तरवृत्तमा । अधितिष्ठति = रहे छँदामा । मध्याभिधस्य = मध्यम । कालस्य = कालको । उदयान्तरयुतशरभूप्रमिताः = वेलान्तरसंस्कार गरिएको १५ ले प्रमाण भएका । नाडयः = घडी । गताः = गए । इति = भनीकन । ज्ञेयम् = जान्नू ।।३२।।

**मध्याह्नोद्युदलेन च हीनः सूर्योदये युतोऽस्तमये ।**
**मध्यमकालः स स्यात् तेन नियम्यानि कालयन्त्राणि ।।३३।।**

अन्वय — मध्याह्नः, द्युदलेन, हीनः, कार्यः, सः, सूर्योदये, मध्यमकालः, स्यात्, मध्याह्नः, द्युदलेन, युतः, कार्यः, सः, अस्तमये, मध्यमकालः, स्यात्, तेन, कालयन्त्राणि, नियम्यानि ।।३३।।

पदार्थ — मध्याह्नः = मध्याह्नको मध्यमकाल । द्युदलेन = दिनको आधाले । हीनः = घटेको । कार्यः = गर्नू । सः = त्यो । सूर्योदये = सूर्योदयकालमा । मध्यमकालः = मध्यमकाल । स्यात् = हुन्छ । मध्याह्नः = मध्याह्नको मध्यमकाल । द्युदलेन = दिनको आधाले । युतः = जोडिएको । कार्यः = गर्नू । सः = त्यो । अस्तमये = सूर्यास्तकालमा । मध्यमकालः = मध्यमकाल । स्यात् = हुन्छ । तेन = मध्यमकालले । कालयन्त्राणि = कलघडी । नियम्यानि = मिलाउनुपर्छ ।।३३।।

**आवन्तो रेखान्तरयुक् स्थानिकमध्यमाख्यकालः स्यात् ।**
**स्थानिकमध्यमकालो रेखान्तररहित उज्जयिन्याश्च ।।३४।।**

अन्वय— आवन्तः, कालः, रेखान्तरयुक्, कार्यः, स्थानिकमध्यमाख्यकालः, स्यात्, स्थानिकमध्यमकालः, रेखान्तररहितः, कार्यः, उज्जयिन्याः, कालः, स्यात् ।।३४।।

पदार्थ— आवन्तः = उज्जयिनीको । कालः = काल । रेखान्तरयुक् = रेखान्तर जोडिएको । कार्यः = गर्नू । स्थानिकमध्यमाख्यकालः = आफ्नो देशको मध्यमकाल । स्यात् = हुन्छ । स्थानिकमध्यमकालः = आफ्नो देशको मध्यमकाल । रेखान्तररहितः = रेखान्तर घटेको । कार्यः = गर्नू । उज्जयिन्याः = उज्जयिनीको । कालः = काल । स्यात् = हुन्छ ।।३४।।

□

*पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका)* का. मे. अ. द. नं. १५५/२४६

कार्यालय
संशोधन-मण्डल
वटु सवलवहाल
ग-१-५३० काठमाडौँ- ३
नेपाल
फोन नं. २-२०४९२

वि. सं. २०५० माघ

यस अङ्कको मूल्य रु. ५०।-

मुद्रक
लुम्ब प्रेस
नयाँ बानेश्वर
ख - १ - ३७३ काठमाडौँ- १
नेपाल
फोन नं. ४-७३५८६